# सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८१

सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गर्न सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को दफा ८ को उपदफा (५) बमोजिम गठित सिफारिस समितिले सोही ऐनको दफा ८ को उपदफा (८) बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गर्न ऐनको दफा ८ को उपदफा (११) अनुसार सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,**

(क) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "संस्था" भन्नाले सार्वजनिक सेवा प्रसारण संस्था सम्झनु पर्दछ ।

(ग) "ऐन" भन्नाले सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले "सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८१" सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले ऐनको दफा ८ को उपदफा (५) बमोजिमको सिफारिस समिति सम्झनु पर्दछ ।

(च) "संयोजक" भन्नाले ऐनको दफा ८ को उपदफा (५) बमोजिमको सिफारिस समितिको संयोजक सम्झनु पर्दछ ।

(छ) "अध्यक्ष" भन्नाले सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले समितिको बैठकबाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**३. बैठक र निर्णय प्रक्रिया:** समितिको बैठक र निर्णय प्रक्रिया देहायबमोजिम हुनेछ:

१. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

२. संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

३. समितिको बैठकमा संयोजक र कम्तिमा एकजना सदस्य उपस्थित भएको हुनुपर्नेछ ।

४. समितिको निर्णय सर्वसम्मतिमा हुनेछ । सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

५. समितिको निर्णय संयोजकको हस्ताक्षर पछि प्रमाणित भएको मानिनेछ ।

६. समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **नियुक्तिका लागि अवलम्बन गर्ने प्रक्रिया:** (१) समितिले प्रतिष्पर्धाका आधारमा देहाय बमोजिम छनौट प्रक्रिया अवलम्बन गरी नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(क) दरखास्त माग गर्ने,

(ख) प्राप्त दरखास्त छानविन गरी स्वीकृत गर्ने र दरखास्त स्वीकृत भएका आवेदकको सूची प्रकाशन गर्ने,

(ग) दरखास्त स्वीकृत भएका आवेदकको व्यावसायिक कार्ययोजनाको परीक्षण गर्ने/गराउने,

(घ) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने,

(ङ) अन्तर्वार्ता लिने,

(च) व्यावसायिक कार्ययोजना, प्रस्तुतीकरण र अन्तर्वार्तामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने आवेदकलाई योग्यताक्रमका आधारमा तीन जनाको नाम नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

५. **दरखास्त पेश गर्न आवश्यक पर्ने योग्यताः**

सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको लागि सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को दफा ९ बमोजिम योग्यता पुगेको र दफा १० मा उल्लेखित अयोग्यता नभएको हुनु पर्नेछ ।

६. **दरखास्त माग गर्ने:**

(क) समितिले अध्यक्ष पदको लागि योग्य उम्मेदवारहरुको दरखास्त आव्हान गर्न ७ दिन म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको सार्वजनिक सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका र मन्त्रालयको वेवसाइटमा प्रकाशन गरिनेछ ।

(ग) दरखास्त साथ देहायका विवरणहरु खुल्ने स्वयम् प्रमाणित कागजातहरु समावेश गर्नु पर्नेछः

(१) नियुक्ति हुन चाहेको व्यहोरा खुल्ने अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(३) योग्यता, अनुभव र सम्पर्क खुल्ने व्यक्तिगत विवरण,

(४) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, मानविकी, व्यवस्थापन, बजार व्यवस्थापन वा सूचना प्रविधि वा प्रसारणसम्बन्धी इन्जिनियरिङ क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव खुल्ने प्रमाण पत्रको प्रतिलिपी,

(५) दरखास्त दिने अन्तिम मितिसम्म ३५ बर्ष उमेर पूरा भएको व्यहोरा खुलेको प्रमाण,

(६) शैक्षिक योग्यतासम्बन्धी प्रमाणपत्रका प्रतिलिपी (विदेशी शैक्षिक संस्थाको प्रमाण पत्र भए समकक्षताको प्रमाणपत्र),

(७) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति,

(८) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि,

(९) अनुसूची-२ बमोजिमको स्व:घोषणा,

७. **व्यावसायिक कार्ययोजना पेश गर्नुपर्नेः** आवेदकले संस्थाको अवधारणा पत्र, व्यावसायिक तथा आर्थिक कार्ययोजना, चुनौती र अवसर तथा भावी रणनीतिक योजना समेत समावेश गरिएको व्यावसायिक कार्ययोजना देहायबमोजिम पेश गर्नु पर्नेछ:

(क) कम्तिमा ३००० देखि बढीमा ५००० शब्दसम्मको हुनु पर्नेछ,

(ख) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको हुनु पर्नेछ,

(ग) पहिलो पृष्ठको सबभन्दा माथि आफ्नो नाम लेखिएको हुनु पर्नेछ,

(घ) अन्य पृष्ठको हकमा पश्चभागमा आवेदकले दस्तखत गरेको हुनु पर्नेछ,

(ङ) सो बाहेक अग्र पृष्ठमा कहीं कतै पनि नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै संकेत नभएको हुनु पर्नेछ,

(च) व्यावसायिक कार्ययोजना खाममा राखी शिलबन्दी गरिएको हुनुपर्नेछ,

(छ) दरखास्तसाथ व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण समेत छुट्टै खाममा शिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

८. **छनौट विधिः**

समितिले योग्य उम्मेदवार छनौट गर्न देहायका विधिहरु अवलम्वन गर्नेछ:-

(क) दरखास्त साथ प्राप्त कागजातको छानबीन

(ख) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन,

(ग) व्यावसायिक कार्ययोजनको प्रस्तुतीकरण,

(घ) अन्तर्वार्ता,

९. **मूल्याङ्कनका आधारहरुः**

(१) उम्मेदवारको मूल्याङ्कन देहायका आधारमा गरिने छ:-

| | |
|---|---|
| क) व्यावसायिक कार्ययोजना<br>(अ) संस्थाको अवधारणा पत्र -१० अङ्क<br>(आ) व्यावसायिक तथा आर्थिक कार्ययोजना- १५ अङ्क<br>(इ) चुनौती र अवसर -५ अङ्क<br>(ई) भावी रणनीतिक योजना – १० अङ्क | ४० अङ्क |
| ख) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण | ३० अङ्क |
| ग) अन्तर्वार्ता | ३० अङ्क |
| **जम्मा** | **१०० अङ्क** |

(२) दरखास्त पेश गर्ने आवेदकको सङ्ख्या १० भन्दा बढी भएमा समितिले दरखास्त पेश गर्ने आवेदक मध्येबाट व्यावसायिक कार्ययोजना वापत सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा १० जनाको नाम समावेश गरी अन्तर्वार्ता र प्रस्तुतिकरणका लागि वर्णानुक्रमानुसार संक्षिप्त सूची (Short List) प्रकाशन गर्न सक्नेछ ।

(३) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणका लागि ५० मिनेटको समय दिइनेछ । यस मध्ये ३० मिनेट प्रस्तुतीकरण र २० मिनेट प्रश्न उत्तर समय हुनेछ ।

(४) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता वापतको अङ्क समितिका संयोजक तथा सदस्यहरुले छुट्टाछुट्टै रूपमा दिइ औषत हिसाब गरी प्राप्ताङ्क कायम गरिनेछ ।

(५) समितिले अङ्क प्रदान गर्दा पूर्णाङ्कको अधिकतम सत्तरी प्रतिशत भन्दा बढी र न्यूनतम चालीस प्रतिशत भन्दा कम अङ्क प्रदान गर्नुपर्ने भएमा उपयुक्त कारण खुलाउनु पर्नेछ। दुई वा दुई भन्दा बढी सदस्यले न्यूनतम वा अधिकतम हदभन्दा बढी अङ्क प्रदान गरेमा मात्र सो अङ्क मान्य हुनेछ । यदि एक सदस्यले प्रदान गरेको अङ्कमा यो हदभन्दा कम वा बढी भएमा निजले प्रदान गरेको अङ्कलाई अधिकतम सत्तरी प्रतिशत र न्यूनतम चालीस प्रतिशत नै अङ्क गणना गरिनेछ।

(६) समितिले व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतिकरण तथा अन्तर्वार्ताको अङ्क जोडी योग्यताक्रम निर्धारण गरी उच्च अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारहरुलाई ऐनको दफा ८ को उपदफा (८) बमोजिम नियुक्तिको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

## १०. व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनः

व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन समितिबाट तोकिएबमोजिम हुनेछ ।

## ११. विज्ञको सहयोग लिन सक्नेः

समितिले दरखास्तको स्वीकृति, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन गर्न र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि आवश्यकताअनुसार विज्ञको सेवा लिन सक्नेछ ।

१२. **दरखास्त रद्द वा पुनः आव्हान गर्न सक्नेः**

(क) प्राप्त दरखास्तहरु रीत नपुगी आएमा समितिले त्यस्तो दरखास्त रद्द गर्नेछ ।

(ख) तीन ओटा भन्दा कम आवेदन परेमा समितिले पुनः दरखास्त आव्हान गर्न सक्नेछ।

(ग) उम्मेदवारले गलत वा झुठ्ठा विवरण वा कागजात पेश गरेमा समितिले कुनै पनि चरणमा उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

१३. **खर्चसम्बन्धी व्यवस्थाः**

समितिको बैठक लगायतका खर्च मन्त्रालयले गर्नेछ ।

१४. **कागजपत्रको संरक्षणः**

समितिले सिफारिसको कार्य सम्पन्न गरिसकेपछि तत्सम्बन्धी सम्पूर्ण कागजातहरु मन्त्रालयमा सुरक्षित राख्नु पर्नेछ ।

१५. **सचिवालयः**

समितिको सचिवालय सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमा रहनेछ र समितिको सचिवालयका लागि आवश्यक कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ ।

१५. **विविधः**

यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा संयोजकको निर्णय बमोजिम हुनेछ ।

अनुसूची –१

## दरखास्तको लागि आवेदनको ढाँचा

(दफा ६ को खण्ड ग को देहाय १ सँग सम्बन्धित )

मिति: .....................

श्रीमान् संयोजकज्यू,
सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको
अध्यक्षको नियुक्तिका लागि सिफारिस समिति ।

**विषय: दरखास्तका लागि आवेदन पेश गरेको सम्बन्धमा ।**

महोदय

सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्तिका लागि सिफारिस समितिबाट मिति ......................... मा प्रकाशित सूचनाबमोजिम देहायका विवरण संलग्न गरी दरखास्तका लागि आवेदन पेश गरेको छु:

आवेदकको नाम, थरः

जन्म मितिः

आमाको नाम, थर:

बाबुको नाम, थरः

बाजेको नाम, थरः

स्थायी ठेगानाः

प्रदेश: जिल्लाः

गाउँपालिका/नगरपालिकाः वडा नम्बर:

मोबाइल नंः

ईमेल ठेगाना:

आवेदकको दस्तखत:

अनुसूची-२

## उम्मेदवारको स्व-घोषणा

(दफा ६ को खण्ड (ग) को देहाय ९ सँग सम्बन्धित)

### विषय :स्वःघोषणा सम्बन्धमा ।

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष पदका लागि आवेदनका साथमा देहाय बमोजिमको घोषणा गर्दछु ।

| | | हो | होइन |
|---|---|---|---|
| (क) | उच्च नैतिक चरित्र भएको, | ☐ | ☐ |
| (ख) | नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, | ☐ | ☐ |
| (ग) | बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालोसूचीमा नपरेको, | ☐ | ☐ |
| (घ) | भ्रष्टाचार, जबजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचबिखान तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण, सङ्गठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको, | ☐ | ☐ |
| (ङ) | नियुक्ति हुँदाका बखत आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको, | ☐ | ☐ |
| (च) | कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति पत्र वा नागरिकता नलिएको, | ☐ | ☐ |
| (छ) | प्रचलित कानून बमोजिम अयोग्य नभएको, | ☐ | ☐ |
| (ज) | सार्वजनिक सेवा प्रसारण संस्थासँगको स्वार्थको द्वन्द नभएको । | ☐ | ☐ |

माथि उल्लेख गरिएका विवरण ठिक साँचो हो भनी स्व:घोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला।

**आवेदक**

हस्ताक्षर:.........................................................................

नाम, थर-: .......................................................................

ठेगाना-: .........................................................................

सम्पर्क नम्बर:...................................................................